गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको

# संख्या तथा सीमाना निर्धारण आयोग

काठमाडौं, नेपाल

पत्र संख्या: २०७२/०७३ www.llrc.gov.np

चलानी नं.: मितिः २०७३ वैशाख २५

# प्रेस विज्ञप्ती

स्थानीय तहको पुनर्संरचनाका विभिन्न पक्षहरुमा यस आयोगले सरोकारवालाहरूसँग परामर्शको कार्य थालनी गरेको छ । यस क्रममा स्थानीय तहसम्वन्धी नीति तर्जुमाको सहजीकरण एवम् स्थानीय निकाय व्यवस्थापनको लामो अनुभव रहेका सङ्घीय मामला तथा स्थानीय विकास मंत्रालयका उच्चपदस्थ अधिकृतहरूसँग मिति २०७२ वैशाख २४ र २५ गते काठमाडौंमा परामर्श-कार्यशाला सम्पन्न भएको छ । कार्यशालामा सहभागीहरूलाई निम्न ५ समूहमा विभाजन गरिएको थियोः

१. स्थानीय तह पुनर्संरचना-अवधारणा, नीति, रणनीति
२. काठमाडौं राजधनी र उपत्यकाको एकीकृत विकास तथा नगरपालिकाहरु
३. तथ्याङ्क तथा सूचना विश्लेषण एवं डकुमेन्टेशन
४. वित्तीय सङ्घीयता रणनीति तथा कार्यक्रम
५. स्थानीय तह सङ्गठनात्मक तथा प्रशासकीय स्वरुप

उपर्युक्त ५ समूहहरूको समूहकार्य तथा प्रस्तुती मार्फत संवन्धित विषयक्षेत्रमा आयोगलाई विभिन्न सुझावहरू प्राप्त भएको छ । प्राप्त सुझावहरूलाई आयोगको कार्यसम्पादनको शिलसिलामा सन्दर्भस्रोतका रूपमा उपयोग गरिने छ।

आयोगले आफ्ना कार्यहरूका वारेमा सूचना प्रवाह गर्ने एवम् सरोकारवालाहरूसँग निरन्तर सम्पर्कमा रहने उद्देश्यले www.llrc.gov.np नामक आधिकारिक वेवसाईट सञ्चालनमा समेत ल्याएको छ । आयोगका गतिविधीहरू यसै वेवसाईट मार्फत सार्वजनिक हुने भएकोले यसको अवलोकन गरी निरन्तर सम्पर्कमा रहन संवन्धित सवैलाई आयोग अनुरोध गर्दछ ।

२०७३।१।२८

डा. हरि पौडेल

सदस्य सचिव तथा प्रवक्ता